२०७९ साल, वर्ष ५, अंक १३ (भदौ)

लाटोकोसेरो संरक्षण सबैका लागि



# हाप्सिलो

(लाटोकोसेरो सम्बन्धी चौमासिक पत्रिका)



**तस्बिर: नविन लामिछाने (बेशीसहर लमजुङ )**

## यो अङ्कमा

सपनामा देखिने लाटोकोसेरोको अर्थ के हुन्छ !........................................३
लाटोकोसेरोको कथा...............................................................................५
६ बर्ष अघिको त्यो उद्दार सम्झंदा अझै पनि खुसि लाग्छ....................६
युक्रेनी बालबालिकालाई सघाउँदै लाटोकोसेरो!..............................................७
उद्दार, संरक्षण तथा समाचार..........................................................................८
लाटोकोसेरोले पहिरो जान्छ भन्ने कसरी थाहा पायो होला !.................११
लाटोकोसेरो संरक्षणमा दक्षिण अफ्रिकाका बिधार्थीहरु ..........................१२

## हाम्रो भन्नु !

पछिल्लो समयमा लाटोकोसेरो तथा हुचीलको चोरी सिकारी र अवैध व्यापार घटेको कुरा संरक्षणकर्मिहरुले गर्न थालेका छन् । दाङ जिल्लामा विगत १० वर्षमा डिभिजन वन कार्यालयमा एउटा पनि यस्ता घटनाहरूको अभिलेख नहुनु राम्रो कुरा हो । पश्चिम नेपालका डोटी, दैलेख, कालिकोट जिल्लामा पनि अवैध घटनाहरूमा कमी आएको बताइएको छ । केही प्रतिनिधिमूलक घटनाहरूको कारणले मात्र यो प्रजातिको संरक्षण भएको भन्ने कुरालाई पूर्ण रूपमा विश्वास गर्न सकिन्न । नेपाल सरकारले तयार गरेको १० बर्से लाटोकोसेरो तथा हुचील संरक्षण कार्य योजनामा उल्लेखित कार्यक्रमहरू अहिले सम्म हुन् सकेको छैन । नेपाल सरकारका विभिन्न निकायहरूले योजना तर्जुमा गर्दा यो प्रजातिको अनुसन्धान र संरक्षणमा बजेट विनियोजन नगर्ने हो भने, कार्य योजनाको औचित्य समाप्त हुनेछ। **सम्पादक**

## सपनामा देखिने लाटोकोसेरोको अर्थ के हुन्छ !



संकलन : दुर्लभ पराजुली

हामी सबैले सपना देख्ने गरेका छौँ जुन स्वभाबिक प्राकृतिक प्रक्रिया हो । सपनाले मानिसको मनोवैज्ञानिक एवं सामाजिक जीवनका विविध पक्षमा प्रभाव पार्दछ। स्वप्न फल तयार गर्दा प्राचीन समय देखि चलिआएका मान्यता र तिनीहरूको मनोवैज्ञानिक विश्लेषणलाई आधार मानिएको छ ।नेपाल लगायत विभिन्न मुलुकमा सपनामा देखिने लाटोकोसेरोलाई लिएर विभिन्न जनविश्वास रहेको पाइएको छ।

**लामकाने लाटोकोसेरो** सपनामा देखिनुले मानिसको सोच्ने शक्ति वा अवधारणामा वृद्धि\सुधार हुन लागेको सम्झनु पर्छ। लामकाने लाटोकोसेरोले विगतबाट पाठ सिकेर नयाँ कुराको थालनी गर्ने सन्देश दिन्छ।

यदि छोटो कान भएको **लघु कर्ण लाटोकोसेरो** तपाईंको सपनामा आउँछ भने, मानिसको ज्ञान तथा बुद्धिको प्रतिनिधिको रूपमा आउँछ । गरिरहेको काममा हतारपूर्ण वा अत्तालिएको अवस्थामा यो लाटोकोसेरो सपनामा आउने मनोवैज्ञानिक विश्लेषण समेत पाइन्छ।

यदि **गाढा पहेँलो आँखा भएको लाटोकोसेरो** सपनामा देखिएमा यसलाई मित्रता र दयाको प्रतीकको रूपमा लिइन्छ तर हरियो आँखा भएको लाटोकोसेरो सपनामा देखियो भने यो स्वतन्त्रताको खोजी वा प्राप्तिको सङ्केत मानिन्छ।

**सेतो लाटोकोसेरो** सपनामा देखिएमा मानिसलाई आनन्द प्राप्त हुने विश्वास गरिन्छ । यसले सुखद आश्चर्य जस्तैः कि प्रेमको आगमनलाई पनि सङ्केत गर्छ।

**सपनामा हिउँ परेको बेलामा लाटोकोसेरो** देखिएमा आउन लागेको राम्रो समयलाई जनाउँछ। यो सपनाले बन्न लागेको नयाँ सम्बन्धलाई पनि पूर्वानुमान गर्छ।

सपनामा खैरो **लाटोकोसेरो** देख्नु, प्रजनन र गर्भावस्थाको प्रतीक हो। यदि तपाईं लामो समयदेखि गर्भधारण गर्ने प्रयास गर्दै हुनुहुन्छ भने, खैरो **लाटोकोसेरो**को सपना राम्रो सङ्केत हुन सक्छ।यसबाहेक, खैरो **लाटोकोसेरो**ले जीवनको वास्तविक अर्थ के हो भनेर खोज्न प्रेरणा दिने समेत विश्वास गरिन्छ।

**कालो लाटोकोसेरो**हरू प्रायजसो राता र डरलाग्दो आँखाहरू भएको हुन्छन् जसले गल्ती परिमार्जन\सुधार गर्न सङ्केत गर्दछ। विगतमा केही गलत काम गरिएको , वा सायद कसैलाई क्षति पुराइएको भए भने त्यो गल्तीलाई सच्याउने र आफैलाई त्यसबाट छुटकारा दिने समय आएको कुरा कालो **लाटोकोसेरो**ले बुझाउँछ।

**खरानी रङ्गको लाटोकोसेरो** देख्नुको अर्थ तपाईँलाई आउने समयको लागि तयार हुन पुर्बसङ्केत हो। यसलाई सकारात्मक र नकारात्मक दुवै रूपमा व्याख्या गर्न सकिन्छ। यो सपना देखेपछि तपाईँको जीवनमा ठुलो परिवर्तन हुन सक्छ जुन अप्रत्याशित परिस्थिति वा समस्याको रूपमा अथवा कुनै सफलताको रूपमा हुनेछ। यसलाई एक किसिमले परीक्षाको घडी भन्न सकिन्छ। यस्तो सपना देख्नुको मतलब यो पनि हुन सक्छ कि आफ्नो निर्णयहरूको नतिजा सामना गर्न आवश्यक छ। गहिरो सोचविचार नगरी निर्णय लिएको भए त्यसलाई सुधार गर्न तत्पर र सङ्घर्षरत हुन सूचित गर्दछ।

**बैजनी रङको लाटोकोसेरो** देखेमा अप्रत्याशित मात्रामा धन लाभ र कुल-घरानको इज्जतमा बढोत्तरी हुने सम्भावनालाई सङ्केत गर्छ ।

**लाटोकोसेरोको बच्चा** सपनामा देख्नु भनेको कुनै नयाँ काम वा घटनाको सुरुवात हो। नवीन नतिजा वा जीवनमा केही नयाँ हुनेछ भन्ने बुझ्नु पर्छ।

**मृत लाटोकोसेरो** सपना देख्नुको एक नकारात्मक अर्थ छ। यसको मतलब केही नराम्रो हुन लागेको वा कठिन समयको सामना गर्नु पर्ने भन्ने हुन्छ। बारम्बार स्वास्थ्य समस्या भएका मानिसहरूले आफैँले उल्लु मारेको वा मरिसकेको अवस्थामा रहेको सपना देख्नु पनि सामान्य मानिन्छ।यसले मानिसको कमजोर आत्मबलको प्रतिनिधित्व समेत गर्दछ। यसको मतलब तपाईं आशाहीन महसुस गरिरहनुभएको हुन सक्छ।

***(वातावरण बिषयमा स्नातक पराजुली वन्यजन्तुको अध्ययन अनुसन्धानमा रुची राख्छन्)***

यही २०७९ साल माघ २०-२१ मा कैलाली जिल्लाको घोडाघोडी ताल नजिक रहेको माघी होमस्टे नजिक लाटोकोसेरो तथा हुचील उत्सव हुने भएको छ। चरा संरक्षण सञ्जालको समन्वयमा हुन् लागेको सो उत्सव कोभिड महामारीले गर्दा २ वर्ष सम्म हुन् सकेको थिएन ।

मार्च २२, २०२२ मा मुस्ताङ जिल्लाको जोमसोममा लाटोकोसेरो संरक्षण सम्बन्धि गोष्ठी सम्पन्न भएको छ । रुफर्ड स्मल ग्रयाण्डको आर्थिक सहयोग तथा अन्नपुर्ण संरक्षण क्षेत्र आयोजनाको समन्वयमा सम्पन्न सो गोष्ठीमा जिल्लाका सबै सरोकारवालाहरुलाई बोलाई ' लाटोकोसेरोको चोरी शिकार तथा अबैध ब्यापारको विभिन्न आयामहरुको बारेमा छलफल गरिएको थियो।



## बाघलाइ झुक्याउने लाटोकोसेरो



संकलन : वर्षा अधिकारी

एउटा सानो पोखरी थियो । पोखरी जङ्गलको किनारमा थियो । त्यहाँ धेरै रङ्गिचङ्गि माछाहरु बस्दथे । त्यस पोखरीमा एउटा कछुवा पनी बस्दथ्यो । पोखरीको किनारमा रुखमा बस्ने लाटोकोसेरोसंग उसको मित्र थियो । दुबै साथि घण्टौसम्म गफ गर्दै बस्थे । यसरी हाँस्दै खेल्दै उनीहरुको दिनचर्या रमाइलो सगँ बित्दै थियो ।

एकदिन दुबै साथिहरु  गफ गर्दै थिए त्यतिकैमा परबाट एउटा बाघ आयो। अग्लो रुखमा बसेको लाटोकोसेरोले बाघलाई देखिहाल्यो । आफु भएको तिर आउदै गरेको बाघलाइ देखेर उसले  आफ्नो मित्र कछुवालाई "बाघ आयो बाघ, भाग साथि भाग" भन्दै चिच्याउन थाल्यो । कछुवा यो सुनेर भाग्यो, तर उसको ढिलो चालको कारण पोखरी सम्म पुग्न सकेन । छिटो दौडने  बाघले कछुवालाई भेटिहाल्यो । बाघले उफ्रेर कछुवालाई आफ्नो पन्जाले समायो र मुखमा लग्यो । आज त मिठो खान पाइने भयो यो सोचेर उसले कछुवाको खोल फुटाउन थाल्यो । उसलाई कछुवाको कडा खोल फुटाउन निकै गार्हो भयो । पुरै शक्ति लगाउँदा पनि कछुवाको खोल फुटेन। उसले दाँतले र नङ्गले कछुवालाई टोक्ने प्रयास गरिरह्यो।  तर पनी कछुवाको खोलमा केहि असर भने भएन । बाघ रिसाउँदै यताउता हेर्न थाल्यो ।

उल्लु रुखमा बसेर यो सबै हेरिराखेको थियो । उसले सोच्यो अब केहि बेर यस्तै हुने हो भने कछुवाको ज्यान जान्छ।

एकछिन पछि उसले बाघलाई बोलाउदै भन्यो 'बाघ दाइ, कछुवाको खोल घाममा सुकेर कडा भएको छ, यदि तपाइ कछुवालाई पोखरीको पानीमा केहि समय छोड्दिनु भयो भने त्यसको खोल नरम र स्वादिष्ट हुन्छ ।'

बाघले सोच्यो उल्लु त बुद्धिमान हुन्छन् त्यसले ठिकै भनेको हुनपर्छ । उसले आफुलाई केहि थाहा छैन भनेर देखाउन चाहँदैन थियो । उल्लु तिर फर्केर बाघले भन्यो 'तैले मलाई के भनेको, मैले कति कछुवा यसै गरि नरम बनाएर खाएको छु ।'

यो भनेर उसले कछुवालाई उठाएर पानीमा फाल्दियो । कछुवा पौडीदै पर पर गयो । हेर्दा हेर्दै कछुवा पोखरीमा हरायो । बाघ जिल्ल परी पोखरीको किनारमा बसेर कछुवालाइ खाने कल्पना मात्र गर्दै बस्यो । निकै बेरसम्म कछुवा नदेखे पछि बाघ पनि आफ्नो बाटो लाग्यो।  रुखमा बसेको लाटोकोसेरो खुसि भयो  । पर पुगेको कछुवा पनि खुसि भयो। फेरी दुवै जना खुसि साथ बस्न थाले।

*(वातावरण बिज्ञान बिषयमा  स्नाकोत्तर गरेकी अधिकारी चमेराको अध्ययन अनुसन्धानमा रुची राख्छिन्)*

## ६ बर्ष अघिको त्यो उद्दार सम्झंदा अझै पनि खुसि लाग्छ

करिब ६ वर्ष अघि फेब्रुअरी महिनाको ४ गते दुई जना बालकले घर नजिकैको बाँस घारीमा एउटा लाटोकोसेरो/हुचीलको उद्धार गरे। चितवन जिल्लाको चनौली बजार नजिकै सो लाटोकोसेरो समातिएको थियो। भरतपुर नगरपालिका-१५, चनौली गाउँ निवासी रुक्सन गुरुङ र राजु गुरुङले ८ दिन पछि सो लाटोकोसेरो,घडियाल संरक्षण तथा प्रजनन केन्द्रमा बुझाए। हामीले यसलाई प्राकृतिक वासस्थानमा छोड्न सकिन्छ कि भनेर राम्ररी परीक्षण गर्‍यौं।



***बेदबहादुर खड्का***

यो बच्चा थिएन तर पखेटाको ठुलो भाग काटिएको अवस्थामा थियो। उड्न नसक्ने अवस्थामा थियो। यसलाई पाल्नुको विकल्प देखिएन। फलामले बनेको पिँजडामा (३४०*२३०*२२० सेमी) राखियो। त्यो चरालाई ६ अप्रिल सम्म राखियो। त्यति बेलासम्म हामी दिनहुँ २५० ग्राम भैँसीको मासु ख्वाउने गर्थ्यौं। बेला बेलामा पानी पनि दिने गर्थ्यौं।

छोडेको दिनमा पिँजडाबाट निस्कन मानेन। हामीले सो पिँजडा खुल्ला नै राखेका थियौँ।दोस्रो दिन बाहिर निस्केर नजिकैको रुखको हाँगामा बस्यो। तेस्रो दिन बल्ल सालका रुखहरूले घेरिएको सो क्षेत्र छोडेर उडेर गयो। फर्केर आउँछ कि जस्तो लागेको थियो, तर त्यस्तो भएन। लामो समय देखि हामीसङ रहेको सो प्रजाति सुरुमा हाप्सिलो हो कि जस्तो लागेको थियो। तर त्यो त नेपालमा बिरलै देखिने भासोलुक प्रजातिको लाटोकोसेरो रहेछ। त्यस्तो बिरलै देखिने प्रजातिको स्याहार र संरक्षणमा खटेको र प्रजातिलाई आफ्नो घरमा फर्काएको त्यो बेला सम्झँदा अहिले पनि खुसी लाग्छ।



***(खड्का चितवन राष्ट्रिय निकुञ्जका पूर्व संरक्षण अधिकृत हुन्। उनी गोही अध्ययन र संरक्षणमा चासो राख्छन्।***
***फोटो:*** *बेदबहादुर खड्का)*

## युक्रेनी बालबालिकालाई सघाउँदै लाटोकोसेरो!



*राजु आचार्य*

हिजोसम्म युक्रेनको नाम नसुनेकाहरू अहिले युक्रेनको चर्चा गर्न थालेका छन्। यसरी चर्चा गर्नुको पछाडि रुसको आक्रमण प्रमुख कारण रहेको छ। भिडन्त अहिले पनि जारी छ। अहिलेसम्म युक्रेनमा रहेका ५० लाखभन्दा बढी बालबालिका पूर्ण वा आंशिक रूपमा प्रभावित बनेका छन्। तिनै बालबालिकाको उद्धार, उपचार तथा पुनर्स्थापनाको विश्वव्यापी रूपमा पहल सुरु भैसकेको छ।

सोही अभियानमा अमेरिकामा काम गर्ने लाटोकोसेरोसम्बन्धी संस्थाले नौलो अभियानबाट करिब २ करोड ७० लाख नेपाली रुपैयाँ युनिसेफमार्फत युक्रेन पठाउन उठि सकेको छ। अझै उठ्ने क्रम जारी छ।यो सबै लाटोकोसेरोको कारणले सम्भव भएको हो।

अमेरिकामा प्रत्येक वर्ष विश्व लाटोकोसेरो महोत्सवको आयोजना हुने गर्छ। सन् २००६ बाट सुरु भएको यो महोत्सवमा केही वर्षदेखि विश्वव्यापी चित्रकला प्रतियोगिताको आयोजना हुने गर्छ। सोहीअनुसार रुसको आक्रमण अगाडि नै युक्रेनबाट विगत केही वर्षदेखि करिब २०० बढी लाटोकोसेरोका चित्रहरू आयोजककोमा पुगिसकेको थियो। सो चित्रहरू अन्तर्राष्ट्रिय लाटोकोसेरो केन्द्रले अनलाइनमा लिलामीको आयोजना गऱ्यो। युक्रेनकै साना साना कलाकारले बनाएका ती तस्बिरको लिलामीमा 'होस्टेन एरिया कम्युनिटी फाउन्डेसन' र 'साउथर्न मिनोसोटा इनीसियाटिभ' ले पहल गरे। केन्द्रको प्रमुख 'कारला ब्लोएम'को मेहनतले सकारात्मक नतिजा दियो। तिन पटकसम्म गरिएको सो लिलामीमा मानिसहरूले एउटा चित्रको ५ लाखसम्म तिरे। चौथो पटक पनि लिलामीको आयोजना हुँदैछ।

उक्त लिलामीमा राखिएका केही तस्बिरहरू हेरौं,









**(यो लेख पहिलोपोष्टबाट साभार गरिएको हो)**

**(आचार्य वन्यजन्तुको अनुसन्धान र संरक्षणमा रुची रख्छन्। उनले लाटोकोसेरोको विभिन्न आयामहरुमा काम गरेका छन् )**

## उद्दार, संरक्षण तथा समाचार

| | |
|---|---|
|  |  |
| सेप्टेम्बर १४, काठमाण्डौ पानीपोखरी स्थित बंगैचामा उड्न नसकी बसिरहेको अवस्थामा सानो डुन्डुल प्रजातिको लाटोकोसेरोलाइ बिनिता गुरुङले घरमा लागि सुरक्षा प्रदान गर्नु भयो। सामाजिक संजालको माध्यमबाट नेपाल पन्छी संरक्षणका प्रतिनिधिलाई हस्तान्तरण गरियो। **फोटो : बिनिता गुरुङ** | सेप्टेम्बर ९, दाङ्ग जिल्लामा गाडीको ठक्करबाट मृत्यु भएको कोचलगाँडे लाटोकोसेरो।<br><br>**फोटो: दिलिप चन्द ठकुरी** |
|  |  |
| बर्दिया जिल्ला निवासी फिरु थारुले आफ्नै बारीमा राखेको मुढामा कोचलगाँडे लाटोकोसेरो एक जोडी। खेतबारी नजिक यस्तो गर्दा मुसाको सङ्ख्या नियन्त्रणमा उल्लेख्य सहयोग पुग्दछ। **फोटो:फिरु थारु (फेसबुकबाट साभार)** | लेकाली उलुकलाइ ताप्लेजुङ् जिल्ला फुङ्लिङ ४ तोक्मेबाट घाइते अबस्था फेला पारी डिभिजन वन कार्यलय ताप्लेजुङ्का प्रतिनिधि तुलसी घिमिरेलाई उपचार गरी केही दिन संरक्षण गरेर बासस्थानमा छोड्न अनुरोध सहित हस्तान्तरण गरीयो। **फोटो:सन्दिप सुबेदी** |




घरमा लाटोकोसेरो पालेर खिचिएको भिडिओहरू टिकटकमा भेटिन थालेको छ। शोभा थापा मगरले राखेको यो भिडिओमा जिस्किएका दृश्यहरू छन्। नेपालको कानुनले यस्ता कुराहरू प्रतिबन्ध गरेको छ। श्रोत : **https://rb.gy/qwf3ew**



अर्घाखाँची जिल्लाको पैनिनी गाउँपालिका-७ चिबेकमा घाइते अवस्थामा भेटिएको मलाहा हुचीलको पछिल्लो अवस्था अज्ञात। **फोटो उपलब्ध गराउने : दिवाकर सापकोटा**



मे २३, २०२२ मा पर्सा प्रहरीको टोलीले लाटोकोसेरोसहित दुई भारतीयलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारत बिहार पश्चिम चम्पारण थाना बागाहा ग्राम औसानी १ का ४२ वर्षीय मृतुञ्जय सिंह र भारत बिहार पश्चिम चम्पारण थाना नरकटियागन्ज ग्राम मनिहारी– ३ का ३५ वर्षीय शेख अनवर रहेका थिए ।पर्साको छिपहरमाई गाउँपालिका– १ मिर्जापुरको गोरेटो बाटो हुँदै अवैध रूपमा लाटोकोसेरो नेपालबाट भारततर्फ लाँदै गरेको अवस्थामा उनीहरूलाई पक्राउ गरिएको थियो। **(सांकेतिक चित्र : पिक्सावे)**



जुलाई १४, २०२२ मा काठमाडौँ गौशालामा घाइते अवस्थामा भेटिएको गोठे लाटोकोसेरो सकुशल आफै प्राकृतिक वासस्थानमा फर्किएको छ। तर नउड्ने बेलासम्म कुकुर तथा मानिसहरुलाई नजिक आउन रोकिएको थियो। **फोटो : ऋषभ पोखे्रल**

## लाटोकोसेरोले पहिरो जान्छ भन्ने कसरी थाहा पायो होला !



**गोबिन्द सिंह**

लाटोकोसेरो होइन !अब बाठोकोसेरो भन्नू पर्ने भयो। बारेकोट गाउँपालिका वडा नं २ गोलखानी खोलाको चट्टान केही भाग गत वर्ष खसेको थियो।आधा खस्ने तयारीमा भएकोले जोखिम थियो, हिजो बेलुका खस्यो।अझै जोखिम छ।केही भाग झुन्डिएको छ।आवतजावतमा समस्या छ।

यो भिरमा धैरै वर्ष देखि ह्याप्सिलो लाटोकोसेराको गुढ थियो।पहिरो जाने सम्भावना देखेर गत वर्ष देखि अर्को ठाउँमा गुढ बनाएको थियो।यो पटक त्यही ठाउँको नजिकै पहिरो जाने थाहा पाएर दुई दिन देखि ठाउँ छोडेको हिजो खसे पछि आज फर्केको छ। यही भिरमा कल्चौडा लाटोकोसेरोको पनि दुई गुढ थिए। एउटा पहिरोमा परेछ।एउटा गुढ र बच्चा सहित बच्न सफल भएका छन।पंछीले नबोले पनि आइपर्ने घटना थाहा पाउँदा रहेछन।कसरि यस्ता कुराहरु थाहा पाउछन् होला ? जान्न मन लागेको छ।




**पहिरो जानु अघि छोडिएको गुड भएको स्थान**

**फोटो :** गोबिन्द सिंह (उनको फेसबुकबाट साभार गरिएको)

**(गोबिन्द सिंह जाजरकोटका संरक्षणकर्मी हुन। उनि वन्यजन्तुको अध्ययन तथा संरक्षणमा रुची राख्छन् )**

## लाटोकोसेरो संरक्षणमा दक्षिण अफ्रिकाका बिधार्थीहरु





दक्षिण अफ्रिकाका बिधार्थीहरु लाटोकोसेरोको आकृतिहरु बनाउदैं । बिधार्थीहरुको सहभागितामा यो देशमा लाटोकोसेरो संरक्षणका विभिन्न कार्यक्रमहरु  हुँदै आएको छ। उनीहरुले लाटोकोसेरो कृतिम गुडहरु बनाउने/वितरण गर्ने, चित्रकला, समुदायमा लाटोकोसेरो संरक्षण, लाटोकोसेरोको उद्दार, छलफल आदि गर्दै आएका छन् । बिगत २० बर्ष देखि Owlproject.org ले सहजीकरण गर्दै आएको छ । श्रोत : Owlproject.org



यही सेप्टेम्बर २० मा लमजुङ जिल्लाको बेसीशहरको एक  घर नजिक देखा परेको मलाहा हुचील । स्थानीयले घाइते हो कि भनि उद्धार गर्न खोज्दा आफै उडेर गएको छ।  **फोटो: नविन लामिछाने**



२६ नोभेम्बर २०२० मा सर्लाही जिल्लाको वरावाथावा नगरपालिका अन्तर्गतको बागमती किनारमा भेटिएको लघुकर्ण लाटोकोसेरो। यसअघि यो प्रजाति सोही क्षेत्रमा सन् १९९८ भेटिएको थियो। **फोटो: सन्तोष बजगाईं**




गोठे लाटोकोसेरोको एक जोडी। **फोटो : प्रताप गुरुङ (फेसबुकबाट साभार)**

## 'प्रकृतिका साथीहरु'को चौमासिक प्रकाशन हाप्सिलो

**अवधारणा :** राजु आचार्य र यादव घिमिरे
**सम्पादक :** राजु आचार्य
**पाहुना भाषा सम्पादक :** रमेश पोखेल
**फोटो** : बिनिता गुरुङ (मुख्य पृष्ठ)
**लेख, रचना तथा सम्पर्कका लागि :** naturesfren@yahoo.com

Friends of Nature
FoN
2005